|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1000 | ३६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Forklift Driver/operator | 2 | 0 | 1800 | ६६,५५० | | | | | | | |
| 3 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ९२,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २८ गते (10th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संकटमा सिमसार

**यसपटक पनि हरेक वर्षझैं नेपालले सिमसार दिवस मनाएको छ । नारा र झारा टारेरै यस्ता दिवसहरू सम्पन्न गरिन्छ । जलवायु परिवर्तनको नाममा अर्बौं सक्काउँदा पनि सिमसार क्षेत्र भने सुख्खा बन्दै गएका छन् । सिमसार भन्नाले पानीको मुहानलगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ । ताल, तलैया, पोखरी, नदी, खोला, झरना, पानीको मुल भएको क्षेत्र नै सिमसार हुन् । सिमसार जीवजन्तु तथा वनस्पतिको बाँच्ने प्रमुख स्रोत हो ।**

**विश्वको ४० प्रतिशत वनस्पति र वन्यजन्तु प्रजाति सिमसारमा बस्छन् वा प्रजनन् गर्छन् । सिमसार लाखौं घुमन्ते चरा, माछा, उभयचर, कीटपतङ र बोटबिरुवाका लागि महत्त्वपूर्ण बासस्थान हो । यस्तै नेपालमा पाइने १७२ लोपोन्मुख प्रजातिका वनस्पति र प्राणी सिमसारमा आश्रित छन् ।**

**यस्तो क्षेत्रलाई आदिवासी जनजाति देवभूमिका रूपमा पूजा गर्छन् । यस्ता क्षेत्रमा फोहोर गर्न बर्जित गरिन्छ र रुख कटान गर्नसमेत मनाही गरिन्छ । तर यी विषयलाई कुरीति भन्दै पढेलेखेका भनिएकाहरूले यस्तो क्षेत्रमा अतिक्रमण बढाएका छन् । परम्परागत ज्ञानलाई उनीहरू विकासविरोधी भन्नसमेत पछि पर्दैनन् । बसाइँसराइ, नदीखोला तथा आसपासमा फोहरमैला विसर्जन, नदीजन्य वस्तुको उत्खनन्, सिमसारजन्य स्रोतको अधिक दोहन, रासायनिक मल र विषादीको मिसावट, जथाभावी पूर्वाधार निर्माणलगायत चुनौती थपिएका छन् । पानीको स्रोतमा सिमेन्टेड टयांकी निर्माणले पनि पानीको स्रोत सुक्ने क्रम जारी छ । तर स्रोत थुनेर मानिसले यसलाई अझ आफनै बनाउन सिमेन्टेड गर्दा स्रोत नै सुक्ने स्थितिमा पुगेको हो ।**

**रामसार महासन्धिले अन्तर्राष्ट्रिय महत्त्व बोकेका तथा अति संवेदनशील संकटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारलाई रामसारको सूचीमा सूचीकृत गर्ने गर्छ । हालसम्म यसमा आबद्ध देशको संख्या १७२ पुगेको छ । साथै दुई हजार ४२२ सिमसार रामसारको सूचीमा सूचीकृत छन् । सन् १९८७ डिसेम्बर १७ मा कोशीटप्पु वन्यजन्तु आरक्षलाई रामसार क्षेत्रमा सूचीकृत गरेर नेपाल सन् १९८८ अप्रिल १७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र बनेको हो । नेपालमा सिमसार क्षेत्रले ओगटेको कूल क्षेत्रफल ६० हजार ५६१ हेक्टर छ । यस्ता क्षेत्रलाई जोगाउन आदिवासी ज्ञान पनि प्रयोग गरौं ।**

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) गन्तव्य मुलुकका दलालहरूबाट होसियार**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२. धार्मिक तथा स्थानीय कानुनको पालना**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३. आफ्नो सुरक्षा**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४. काममा लगनशील हुनुपर्ने**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

**५. ठेगाना र सम्पर्क नम्बर**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# श्रमको सम्मान गर्न सिकौं



■ सुशील दर्नाल

"देशभित्रै श्रम गर्ने वातावरण आवश्यक छ, जसका लागि कामलाई स्तरीकरण गरेर हेर्ने सोचमा सुधार हुनुपर्छ । सबै किसिमको श्रमको आ-आफ्नै महत्त्व हुन्छ । कुनै पनि कार्यालयमा हाकिमदेखि कार्यालय सहयोगीसम्म सबै आफ्नो ठाउँमा दक्ष हुन्छन् । अर्कोतिर यहाँका एकथरी मानिसहरु मानिस विदेसिए देश सकियो भनेर भ्रम फैलाइरहेका छन् । तर नेपालमै केही गर्छु भन्ने युवाहरुका लागि प्रचुर सम्भावना छ ।"

रामेछापका अमर परियारले त्रिभुवन विश्वविद्यालयबाट स्नातक गरेका छन् । २०७७ सालमा स्नातक सकेसँगै आर्थिक अवस्था कमजोर भएका कारण घरबाट पनि सहयोग भएन । त्यति नै खेर उनले काठमाडौंमा जागिरका लागि चिनेजानेका सबैलाई हारगुहार गरे । तर एक वर्षसम्म जागिर खोज्दा पनि केही काम पाइएन । त्यसपछि फेरि उनी गाउँ नै फर्किर आफ्नै खेतबारीलाई मलजल गरेर तरकारीखेती गर्ने सोच बनाए । अहिले ऋण काडेर भए पनि आफ्नो १० गरा खेतमा काउली, बन्दा, टमाटर, भिण्डी, मुला, गाजर उत्पादन गरी बजारमा बेचेर महिनामा २०/२५ हजार रूपैयाँ आम्दानी गर्दै आएका छन् ।

तर अमरका बुवाले 'यत्रो ऋण खोजीखोजी पढाएर जागिर गर्ला भनेको, गाउँमै खेती गर्नका लागि त किन पढ्न पर्थ्यो र' भनेर सुनाइरहेका हुन्छन् । अमरका बुवाले मात्रै होइन उनलाई समाजले पनि त्यसैगरी भनिरहेको हुन्छ । म अमर र अमरको समाजलाई भन्न चाहन्छु- काम सानो र ठूलो भन्ने हुँदैन । विडम्बना, स्नातक होइन, हामी विद्यावारिधि गरेका, मास्टर डिग्री गरेका नेपाली अमेरिका, अस्ट्रेलिया, क्यानाडा, जापान वा युरोपियन मुलुकमा गएर शौचालय सफा गर्न, होटलमा भाँडा माझ्ने काम गर्न तयार हुन्छौं । तर आफ्नै देशमा त्यही काम गर्न हामीलाई लाजशरम् लाग्छ । 'यत्रो मास्टर डिग्री पास गरेर पनि यस्तो काम गर्ने' भनेर यो समाजले खिसिटचुरी गरिरहन्छ । यो समान्य हो । साइकलमा तरकारी, फलफूललगायतका दैनिक उपभोग्य सामग्री राखेर टोल-टोल घुमेर घरदैलोमै सेवा पुऱ्याउने साना व्यापारी, पुराना कागज र प्लास्टिकका सामान संकलनको काम गर्ने मानिसलाई घृणाको दृष्टिले हेर्ने गरिन्छ ।

कतिपय उत्पादनशील र रोजगार एवं स्वरोजगार सिर्जना हुने काम र त्यस किसिमका काममा संलग्न कामदारलाई समेत अत्यन्तै घृणाको दृष्टिले हेर्ने गरिन्छ । सैलुन चलाउने हजाम, डकर्मी, सिकर्मी, प्लम्बर, टेलर, पेन्टर, साइकल, मोटरसाइकल मर्मत गर्ने वर्कशपमा काम गर्नेलाई निकै तल्लो तहको व्यवहार गरिन्छ । जहाँ श्रमको सम्मान गरिन्छ त्यहाँ नै विकास र सद्भावको राम्रो प्रभाव देखिन्छ । हामी आफ्नो जन्मभूमिमा पसिना बगाउन वा जुनसुकै श्रम गर्न पनि हुन्छ भन्ने सोचाइमा हुँदैनौं । ज्यालामा काम गर्न खेती किसानीमा श्रम गर्न पनि हुन्छ भन्ने सोच्दैनौ । ज्यालामा काम गर्नु खेती किसानीमा श्रम गर्नुजस्ता कार्यलाई निकृष्ट कार्यको रूपमा हेर्छौं । जुन देशमा श्रमको सम्मान हुन्छ त्यहाँ छिटो विकास र प्रगति भएको देखिन्छ । अमेरिका युरोपलगायत देश आज विकसित हुनुका पछाडि श्रमको सम्मान गर्ने संस्कृति नै हो ।

संविधानमा पनि 'प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुने छ' भनिएको छ । त्यसैगरी 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने छ' पनि भनिएको छ । तर पनि नेपाली समाजमा कामलाई सम्मान गर्ने संस्कार अझै बसेको छैन । सरकारले युवाको सशक्तीकरण र विकासमा शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासको योगदानमा युवालाई उपयुक्त अवसर प्रदान गर्ने नीति अख्तियार गरेको छ ।

त्यसैगरी सरकारले चालु आर्थिक वर्षमा युवाको क्षमता अभिवृद्धि गरी अन्तरनिहीत प्रतिभा सार्वजनिक सेवा प्रवाह र उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न राष्ट्र निर्माणमा युवा परिचालन कार्यक्रम सञ्चालन गरेको छ । सरकारले सो कार्यक्रमअन्तर्गत विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरी कामको खोजीमा रहेका युवालाई विभिन्न सार्वजनिक निकाय र निजी क्षेत्रसँगको सहकार्यमा उद्योग, व्यवसाय, कृषि तथा पशुपन्छी फार्म, होटल, पर्यटन, निर्माण क्षेत्रलगायतमा कार्यस्थल तालिम प्रदान गरी कम्तीमा एक लाख युवालाई रोजगारी सुनिश्चित गर्न तीन अर्ब रूपैयाँ विनियोजन गरेको छ । त्यसैगरी स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि, सूचना प्रविधि क्षेत्रका एक हजार युवालाई 'फेलोसिप' (छात्रवृत्ति) प्रदान गरेको छ । फेलोसिप प्रदान गर्न निजी क्षेत्रलाई समेत सरकारले प्रोत्साहन गरेको छ ।

त्यसैगरी सरकारले युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याउने कामलाई तीव्रता दिएको छ । 'जहाँ इच्छा त्यहाँ उपाय भने'झैं जाँगर भए आफ्नै घर आँगनमा अनेकौं रोजगारीका अवसर छन् । खाडीमा अनेकौं कष्टको सामना गर्न पुग्छन् । कृषि ऋण लिई सामान्य तरकारीखेतीलगायतका अनेकौं कार्यमा खट्ने हो भने मनग्ये आम्दानी गरी आफ्नै भूमिमा आरामसँग जीवनयापन गर्न सकिने उदाहरण गाउँगाउँमा जाँगरिला युवाहरूले प्रस्तुत पनि गरेका छन् । सरकारले श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि तथा आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालीन सोचका साथ 'श्रमको सम्मान, राष्ट्रको अभियानसम्बन्धी रणनीति, २०७८' कार्यान्वयनमा ल्याएको छ ।

देशभित्रै श्रम गर्ने वातावरण आवश्यक छ, जसका लागि कामलाई स्तरीकरण गरेर हेर्ने सोचमा सुधार हुनुपर्छ । सबै किसिमको श्रमको आ-आफ्नै महत्त्व हुन्छ । कुनै पनि कार्यालयमा हाकिमदेखि कार्यालय सहयोगीसम्म सबै आफ्नो ठाउँमा दक्ष हुन्छन् । अर्कोतिर यहाँका एकथरी मानिसहरू मानिस विदेसिए देश सकियो भनेर भ्रम फैलाइरहेका छन् । तर नेपालमै केही गर्छु भन्ने युवाहरूका लागि प्रचुर सम्भावना छ । संविधानमै 'प्रत्येक नागरिकलाई रोजगारीको हक हुने छ' भनिएको छ । सबैले काम गर्न पाउने अवस्था सुनिश्चितता गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने विषय पनि संविधानमा समावेश गरिएको छ ।

'देशमा केही छैन, केही हुँदैन, विदेश नगए के गर्नु' भन्ने नकारात्मक भाष्यलाई अब चिर्दै जानुपर्छ । स्वदेशमा केही पनि नदेख्ने तर विदेशमा थोरै पैसामा पनि पसिना बगाउन तयार हुने युवाले देशभित्रै बसेर धेरै गर्न सकिन्छ भन्ने भाष्य निर्माण गर्नुपर्छ । गर्नेहरूका लागि देशभित्रै धेरै सम्भावना छ । अझ युवा जनशक्ति जुनसुकै मुलुकका लागि पनि समृद्धिको पहिलो आधारस्तम्भ मानिन्छ । युवा वर्ग मुलुकको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक रूपान्तरणको संवाहक शक्ति भएको सर्वस्वीकार्य छ । अर्काको देशमा गएर भाँडा माझ्ने र शौचालय सफा गर्ने काम पनि गर्न तयार हुने तर आफ्नै देशमा सानका साथ कृषि, पशुपालन वा आफ्नै पेसा व्यवसाय गर्न आनाकानी गर्ने प्रवृत्ति युवाले हटाउनुपर्छ । सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा अघि सारिएको सन्दर्भमा अब युवाहरूले 'नेपालमा केही हुन्न' भन्ने भन्दा पनि 'नेपालमा सबथोक छ' भन्नुपर्छ ।

*(लेखक राष्ट्रिय समाचार समितिमा आबद्ध छन्)*

# हामी आफैं आफ्नो खुट्टामा उभिन सिक्नुपर्छ



■ नरबहादुर विष्ट
राष्ट्रियसभा सदस्य

राजनीतिक परिवर्तन पछाडि मुलुकले जनअपेक्षाअनुसार आर्थिक समृद्धिको लक्ष्य पक्रन सकेको देखिन्न । पुँजीगत खर्च न्यून, राजस्व संकलनमा गिरावट, बढ्दो युवा पलायन र वैदेशिक ऋणभार बढ्दै गइरहेको अवस्था छ । मुलुकको समृद्धिमा दीर्घकालीन प्रभाव पार्ने यस्ता सूचकलाई समयमै सम्बोधन गरी सकारात्मक दिशातर्फ उन्मुख गराउने ठोस पलहको कमी भइरहेको छ ।

संघीय संसद्को हिउँदे अधिवेशन सुरु हुनै लाग्दा सार्वभौम संसद्को अधिकारलाई कटौती गर्दै सरकारले विभिन्न अध्यादेश जारी गरेको थियो । यस्तो अभ्यासले लोकतन्त्रलाई सुदृढ गर्दैन । नेपाली जनताको प्रमुख शत्रु भ्रष्टाचार हो । जबसम्म भ्रष्टाचारलाई न्यूनीकरण गर्दै एउटा सीमाभित्र ल्याउँदैनौं तबसम्म देशको विकास र समृद्धिको नारा खोक्रो नै रहन्छ । यो मामिलामा दलहरूबीच समान धारणा हुनुपर्नेमा गम्भीर मतभेद देखिन्छ । उदाहरणका रूपमा सहकारीमा जनताले गरेको पैसाको अपचलनलाई लिन सकिन्छ ।

विगतमा कुनै तानाशाहविरुद्ध लडेर राजनीतिक परिवर्तन ल्याउँदा जुन प्रतिबद्धता जाहेर भएको थियो, राजनीतिक दलहरूले उक्त प्रतिबद्धतालाई एकताबद्ध भएर कार्यान्वयन गर्न सकेनन् । पहिलो र दोस्रो ठूला राजनीतिक दल सत्ताको समीकरण गर्दै तेस्रो दललाई प्रमुख प्रतिपक्ष बनाएको घटनाले पनि लोकतन्त्रको मर्म र भावनालाई आत्मसात् गर्न सक्छ ? भनी प्रश्न गर्न सकिन्छ । विगतमा ठूला दलबीच संघर्ष भएकै कारणले मात्र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले सरकारको नेतृत्व गर्ने अवसर पाएको पाटोलाई कसैले बिर्सनु हुन्न । वि.सं. २०७४ पछि गठन भएका सरकारले आवश्यक कानुन निर्माण गर्नुपर्नेमा त्यो नगरी अध्यादेश ल्याउने र संसद् विघटन गर्ने काम गरे । कानुन बनाउन संसद् र सांसदको भूमिका निर्णायक भएन । अहिले पनि संविधान कार्यान्वयनका लागि आवश्यक महत्त्वपूर्ण कानुन बन्न सकेका छैनन् । यसमा हामी अहिले पनि पछाडि नै छौं ।

### बजेट परिचालित होइन, स्वचालित हुनुपर्छ

मुलुकमा संसदीय व्यवस्था भए पनि अझै पनि कानुन बनाउन छाडेर 'माननीय' स-साना योजना बजेटमा समावेश गर्न दौडनुपर्ने परम्परा छ । 'माननीय' विकास निर्माणमा होइन, कानुन निर्माणमा लाग्नुपर्ने हो । बजेट विनियोजन र विकासमा समानता हुन नसकेका उदाहरणका रूपमा आफ्नो क्षेत्रमा योजना पार्न सांसद मन्त्रालय र विभागका कोठाचोटामा भौतारिनुपरेको छ । देशको विकास र बजेट विनियोजन परिचालित होइन, स्वचालित हुनुपर्छ । अझै पनि ठूला भनिएका नेताका निर्वाचन क्षेत्रमै बजेटको ठूलो हिस्सा विनियोजन हुने गरेको विडम्बनापूर्ण अवस्था छ ।

निर्वाचन क्षेत्रमा बजेट पार्न मन्त्रालयमा पुगेर हार गुहार गर्नुपर्ने सांसदलाई बाध्यता छ । यद्यपि, सांसदहरू कानुन, नीति र विधि निर्माणमै केन्द्रित हुनुपर्ने हो । जनप्रतिनिधिलाई कानुन तर्जुमा भन्दा अन्य विषयको 'तनाव' खेप्न परिरहेको छ । राष्ट्रसेवक कर्मचारीलाई पनि सेवासुविधा न्यून भएर आर्थिक अनुशासनमा रहन चुनौती भइरहेको छ । उनीहरूलाई सेवासुविधा दिई काममा बेसरी खटाउने नीति र विधि बनाउनुपर्छ । अन्यथा हालको देशको विधि र प्रणालीले नै व्यक्तिलाई भ्रष्टाचार गर्न प्रेरित गरेको छ । आमनागरिकलाई निःशुल्क शिक्षा र औषधोउपचार राज्यले सुनिश्चित गरिदिनुपर्छ ।

### प्रत्यक्ष कार्यकारी राष्ट्रपतिका लागि संविधान संशोधन

अबको संविधान संशोधन भनेको शासकीय स्वरूप परिवर्तनका लागि हुनुपर्छ । तर अहिले तत्कालै संविधान सशोधन भइहाल्छ जस्तो देखिँदैन । राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली हुनुपर्छ । हालको चुनाव निष्ठावान् र इमान्दार उम्मेदवारका लागि खर्चका कारणले उपयुक्त भएन । चुनाव पैसा खर्च गर्न सक्ने ठेकेदार, दलाल र बिचौलियाका लागि मात्र हुन पुग्यो । उनीहरू संसद्मा आएपछि आफ्नै हितमा कानुन बनाउँछन् । विधायकले विधि बनाउने, विज्ञले शासन चलाउने व्यवस्था गरिनुपर्छ ।

### भ्रष्टाचार स्थायित्वसँग जोडियो

प्रमुख राजनीतिक दलका महत्त्वपूर्ण जिम्मेवारीमा रहेका नेता, वरिष्ठ मन्त्री, माथिल्लो ओहोदाका कर्मचारी, नेता तथा कार्यकर्ता पनि भ्रष्टाचारका मुद्दामा दोषी ठहरिएका छन् । ठूलठूला काण्ड बाहिरिएका छन् । राजनीतिक स्थायित्व र स्थिर सरकार भएमा भ्रष्टाचार न्यून हुँदै जान्छ । अन्यथा नयाँ सरकार आउनासाथ सचिव, महानिर्देशक, प्रदेश र जिल्लाका प्रहरी प्रशासन बदल्ने परम्पराको अन्त्य हुन कठिन छ । राजनीतिक नेतृत्वले आफूले बनाएको कार्ययोजना लागू गर्ने समय नै नपाइरहेको अवस्था छ । मन्त्रीले आफूअनुकूलको निर्णय गराउन खोज्ने र त्यो नभए कर्मचारी सरुवा गर्ने काम हुँदै आएको छ ।

### राज्यप्रति युवापुस्ताको विश्वास धर्मरायो

पछिल्लो समय युवापुस्ता पढेलेखेका भए । संसारभर नयाँ-नयाँ प्रविधिको विकास भयो । उनीहरूले विश्व बुझे । कोही अध्ययनका लागि त कोही जीविकोपार्जनका लागि विदेसिए । जग्गाजमिन बाँझो छाडी ऋण काढेर विदेश जाने परम्परा गलत छ । यसलाई तत्कालै सच्याएर लैजान सक्नुपर्छ । युरोपमा गएर जंगल फाँड्ने, मकै गोड्ने, खाल्टो खन्ने, घर बनाउने व्यक्तिले आफ्नो खेतबारी किन बाँझो राख्ने ?

पछिल्लो समय नागरिकमा देशप्रतिको माया र श्रमको सम्मान गर्ने संस्कार घटेको छ । प्रजातन्त्रको पुनःबहालीपछि मुलुकमा पूर्वाधार विकास, स्वास्थ्य शिक्षा, सूचना प्रविधिको विकासमा तीव्रता देखिए पनि राष्ट्र र समाजप्रति नागरिकको कर्तव्यको चेतनास्तर भने खस्केको छ । बढी कमाइन्छ र ल्याइन्छ भन्ने लोभले मानिसलाई विदेश यात्रामा प्रेरित गरेको छ । राम्रै कमाइ भएका व्यक्ति पनि लाखौं खर्च गरेर विदेशिएका छन् । मुलुक र जनताको हितका लागि भनेर क्रान्ति र युद्ध गरेका नेताका सन्तानलाई सम्पन्न मुलुक पठाउने प्रवृत्ति गलत छ । त्यसप्रति मेरो असहमति छ । वैज्ञानिक शिक्षा ल्याउनुपर्छ भनेर युद्ध लडाउने, अनि अहिले छोराछोरीलाई अमेरिका पठाउने ? यो चेतना बेठिक छ ।

स्वदेशमै बसौं, यही रमाऔं र सीप सिकौं भन्ने वातावरण राज्यले बनाउनुपर्छ । कोही रहर त कोही बाध्यताले विदेश गएका हुन्, उनीहरूको सुरक्षामा पनि राज्यले ध्यान दिनुपर्छ । विद्यालय तहको अध्ययन निजी विद्यालयमा तथा उच्च शिक्षा विदेशमा लिनाले देश र बाआमाप्रति नभई विदेशमै रमाउँछ । नेपालीपन, यहाँको इतिहास, संस्कार र संस्कृति बालबच्चाले सिक्नै पाएनन् । सामाजिक सञ्जालमा आएका प्रतिक्रियाले त्यो स्पष्ट देखाउँछ । भ्रष्टाचारमा जेल सजाय भोगेको र अनुसन्धानमा रहेको मानिसलाई २० किलोका माला पहिऱ्याउने कस्तो संस्कार र संस्कृति हो ? आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि हामी आफैं आफ्नो खुट्टामा उभिन सिक्नुपर्छ, विदेश पलायन हुने होइन ।

*(सांसद विष्टसँग राससका निमित्त प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपानेले गरेको कुराकानीमा आधारित)*

# अझै सकिएन लमजुङ दरबारको पुनर्निर्माण



**लमजुङ (प्रस)–** लमजुङ दरबार बजेट अभावले पुनर्निर्माण अझै सम्पन्न हुन सकेको छैन । समुद्री सतहबाट एक हजार ४४५ मिटर उचाइमा रहेको सो दरबार १६औं शताब्दीमा बनेको बताइएको छ । पुरातत्त्व विभागलले शाहवंशीय राजाको उद्गमस्थल मानिएको लमजुङ बेँसीसहर नगरपालिका-३ गाउँसहरस्थित सो दरबार तीन वर्षदेखि पुनर्निर्माण थालनी गरेको थियो ।

विभागका इञ्जिनियर गोविन्द अधिकारीका अनुसार निर्माण थालनी गरेको दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि आवश्यक बजेट सरकारले उपलब्ध नगराउँदा निर्माण सम्पन्न हुन नसकेको हो । दरबारको केही पर्खाल लगाउने, कालिका मन्दिरको पर्खाल लगाउने, छाना हाल्ने काम, छानामा हाल्ने काठ राख्न, गजुर राख्न, दरबारभित्र प्लाष्टर, झ्यालढोकाका खापा, रङरोगन, भुइँमा गर्नुपर्ने काम अझै बाँकी रहेको उनले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/८० मा एक करोड ३३ लाख रूपैयाँ बजेटबाट पुनर्निर्माण सुरू गरिएकामा गत आवमा सरकारले जम्मा ५० लाख रपैयाँ बजेट छुट्याएको थियो । पुरानै शैली र स्वरूपमा दरबारको पुनर्निर्माण भइरहेको छ । दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा (छाने शैली)को बन्ने छ । दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याएर प्रयोग गरिएको छ ।

गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहराले भने, 'दुई वर्षभित्र सक्नेगरी पुरातत्त्व विभागका कर्मचारीसँग मौखिक रूपमा सम्झौता भए पनि तेस्रो वर्षमा पनि काम सम्पन्न भएन । अझै काम अधुरै रहँदा स्थानीय चिन्तित छन्, यहाँ विभिन्न चाडपर्वमा आउने दर्शनार्थी तथा पर्यटकलाई अलपत्र रहेका ढुंगा काठले असहज बनाउने गरेको छ ।'

साथै स्थानीयले पित्तल वा तामाको छाना राख्न आग्रह गरेको उनको भनाइ छ । वडा नं ३ का अध्यक्ष चित्रबहादुर दनाइले भने, 'यतिका वर्षमा पनि निर्माण सम्पन्न भएन, यस वर्ष सम्पन्न हुनुपर्ने हो तर भएन । हामीले सम्बन्धित निकायसमक्ष चाँडो निर्माण सम्पन्न गर्न पहल गर्दै आएका छौं तर सुनुवाइ नहुँदा यस वर्ष पनि कम बजेटले गर्दा निर्माण पूरा भएन ।' स्थानीय सुरेश श्रेष्ठले सरकारले यस्ता ऐतिहासिक दरबारको निर्माणका लागि एकैपटक आवश्यक बजेट उपलब्ध गराएर निर्माण गर्नुपर्ने थियो, पटक-पटक थोरै बजेट आएकाले निर्माण बर्सेनि निर्माण अधुरै रहँदै आएको बताए । व्यवस्थापन समितिका अनुसार दरबार १६ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

शाहवंशीय राज्यकालको उद्गमथलो लमजुङ हो भने त्यसैको विरासत हो लमजुङ दरबार । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई वि.सं. १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएका थिए । त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएको इतिहासमा उल्लेख छ । सो घटनापछि उनीहरूले नै कुलमण्डलका कान्छा छोरा यशोबह्म शाहलाई पुनः कास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । यशोबह्मलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको शिलालेखमा उल्लेख छ ।

# 'अनलाइन' जुवामा संलग्न २४ जना पक्राउ

**काठमाडौं (प्रस)–** 'बेटिङ एप्लिकेसन'मार्फत विश्वभर सञ्चालन हुने विभिन्न अवैध अनलाइन जुवा (सट्टेबाजी) लगायतमा तीन अर्ब रूपैयाँभन्दा बढी करोबारमा संलग्न २४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा १० भारतीय र १४ नेपाली नागरिक रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी, प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए । पक्राउ पर्ने नेपालीमा प्युठानका टंकबहादुर पछाई, रवि विष्ट, लक्ष्मण विष्ट, अविनाश जिसी, हरिबहादुर जिसी, समीर खड्का, विक्रम पछाई, अशोक जिसी, सुजन जिसी र गोपाल विष्ट, डोटीका तेज बोगटी, सुर्खेतका भीष्म वली र हेमन्त लोहनी तथा दार्चुलाका हेमन्त धामी रहेका छन् ।

पक्राउ पर्ने भारतीय नागरिकमा अजितकुमार, मुकेश मण्डल, मनोज कुमार, सुमित खत्री, प्रभात कुमार, ओमप्रकाश खत्री, रविप्रकाश विश्वकर्मा, रवि अभिषेक ओझा, शिवम पाण्डेय र मनोजप्रकार कुमार छन् । उनीहरूले आठभन्दा बढी 'बेटिङ साइट'को प्रयोग गरी भारतीय बेटिङ खेल्ने 'एजेन्ट'हरूसँग सामाजिक सञ्जालबाट सम्पर्क गरी 'अफ लाइन' अवैध खेल खेलाएको पाइएको छ । यसरी हारजित भएको रकम भारतको विभिन्न बैंक खातामै जम्मा गर्ने र निकाल्ने गरी अनलाइन जुवा खेल्ने खेलाउने कार्य भइरहेको सूचनाका आधारमा पक्राउ गरिएको प्रहरी उपरीक्षक आचार्यले बताए ।

ललितपुरको सानेपास्थित दुई घर भाडामा लिएर व्यावसायिक तवरले अनलाइन जुवा खेल्ने र खेलाउने कार्य गरेको पाइएको छ । खोजतलासका क्रममा उनीहरूलाई शनिबार पक्राउ गरी आइतबार सार्वजनिक गरिएको हो । लगत्तै आइतबार नै उनीहरूलाई थप कारबाहीका लागि जिल्ला प्रहरी परिसर ललितपुरमा बुझाइएको छ । 'बरामद गरिएका ल्यापटप तथा मोबाइलको प्रारम्भिक अनुसन्धान गर्दा उनीहरूले तीन अर्ब चार करोड ७३ लाख ५६ हजार रूपैयाँबराबरको अनलाइन जुवा कारोबार गरेको देखिएको छ,' प्रहरी उपरीक्षक आचार्यले भने ।

उनीहरूमाथि मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद-५ को दफा १२५ (जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिमका कसूरमा आवश्यक अनुसन्धान थालिएको छ । पक्राउ परेकाहरूका साथबाट विभिन्न मोडेलका ५७ थान मोबाइल, १३ थान ल्यापटप, ३४ थान बैंकको एटिएम कार्ड, ८८ थान सिमकार्ड, १२ थान चेकबुक, आठ थान भारतीय आधारकार्ड र छ थान राहदानी बरामद गरिएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : BYALAH KARAK RESTAURANT CO.WLL

पूर्व स्वीकृति मिति : २०८१/04/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/10/20 | LT. No. 307895 | चलानी नं. ६०२२२६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR LABORS | 5 | 0 | 90 | ४0,४६0 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २८ गते (10th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

**(पहिलो पटक प्रकाशित मिति : २०८१/१०/२१ गते)**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले प्राप्त गर्नु भएको ऋण कर्जा सहकारी संस्थासँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने, १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सो को जानकारी गराउँदा समेत उक्त ऋण कर्जाको साँवा व्याज चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भई ऋणीहरूले सहकारी संस्थासँग गरेको कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नु भएकोले सो कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गर्नको लागि यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरू गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रिय कार्यालय, कर्जा असुली शाखा, चावहिल, चुच्चेपाटी, काठमाडौंमा आइपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणीहरू तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणीहरू, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | साक्षी/जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|---|
| १. | **नाम थर** : रेखिमाया कार्की<br>**बाबुको नाम** : दलबहादुर खड्का<br>**पतिको नाम** : टिका बहादुर कार्की<br>**स्थायी ठेगाना** : रामेछाप जिल्ला साविक टिल्पुङ्ग-५<br>**हालको ठेगाना** : का.जि.का.म.न.पा.वडा नं.९  | **नाम थर** : टिका बहादुर कार्की<br>**स्थायी ठेगाना** : रामेछाप जिल्ला साविक टिल्पुङ्ग-५<br>हालको ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.९  | नाम थर : रेखिमाया कार्की<br>ठेगाना: साबिक सुँडाल<br>गा.बि.स ०१ भक्तपुर<br>सिट नं: ०१ ख<br>कित्ता नं : ७०९<br>क्षेत्रफल : ०-४-२-२ |
| २. | **नाम थर** : पार्वती चौलागाई<br>**बाबुको नाम** : बाबुराम चौलागाई<br>**पतिको नाम** : कृष्ण प्रसाद गौतम<br>**स्थायी ठेगाना** : काभ्रेपलाञ्चोक जिल्ला धुसेनी शिवालय-८<br>**हालको ठेगाना** : का.जि.बुढानीलकण्ठ वडा नं.४  | **नाम थर** : कृष्ण प्रसाद गौतम<br>**स्थायी ठेगाना** : काभ्रेपलाञ्चोक जिल्ला कार्तिके देउराली ४<br>**हालको ठेगाना** : का.जि.बुढानीलकण्ठ न.पा.वडा नं.४  | पार्वती चौलागाईको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला साविक सुडाँल गा.वि.स वडा नं.३ सिट नं.३ (च) कित्ता नं.३१४, ३०४<br>क्षेत्रफल ०-६-१-०, ०-२-०-१ |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू:**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मुख्य कार्यालय चावहिल, चुच्चेपाटीबाट रु.५००/- तिरि प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रभु बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नं.११८००७३५३७९०००२२ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको केन्द्रिय कार्यालय चावहिल, चुच्चेपाटीमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै व्यहोर्नु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भई सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**सिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान**
**मिति : २०८१/११/२६ गते**
**समय : अपरान्ह २:३० बजे**
**स्थान : संस्थाको मुख्य कार्यालय, चावहिल, चुच्चेपाटी ।**

**पुनश्चः ऋणी एवम् धितो लेखी दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहिकतै उजुर बाजुर गर्न पाइने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनःमूल्याङ्कन गरी संस्था आफैंले सकार गर्दासमेत संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**SHUBHAPRAVA SAVING & CREDIT CO-OPERATIVE LTD**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं



**Biruwa Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Biruwa, Syangja, Gandaki Province, Nepal**

*Invitation for Bid*

**Second Date of publication: 03rd – February -2025, 00:00**

1. Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja invites electronic bids only from Nepalese eligible bidders for the contract given in the table below under National Competitive Bidding procedures.

| SN | Contract Id. No. | Name of Project | Bid Security Amount |
|---|---|---|---|
| 1 | NCB/BRM/GOODS/002/2081-82 | Supply, Delivery and Installation of IT Related Goods | Nrs. 66000.00 |
| | **Cost of Bid Document** | **Bid Validity Period** | |
| | Nrs. 3000.00 | 90 Days | |
| | **Activity** | **Date** | **Time** |
| | Submission of Bid | 18th - February -2025 | On or Before 12:00 Hrs |
| | Opening of Bid | 18th - February -2025 | 14:00 Hours. |
| **Rajaswa (Revenue) Account No:** | | **06300106200003** (Everest Bank Ltd, Biruwa Branch) / sutrarevenue.fcgo.gov.np | |
| **Dharauti Account No:** | | **006300105200050** (Everest Bank Ltd, Biruwa Branch) | |
| **Rajaswa Shirshak No:** | | **142290401** (Office Code No: 80443505300) | |

2. Details which are not mentioned on notice are followed by Public Procurement Act and Public Procurement Regulations.
3. Bid Security period shall be 30 days beyond the bid validity period. For further details regarding the notice of Invitation for Bids, interested bidders requested to visit the notice board of Biruwa Rural Municipality Office, Biruwa Syangja or may visit PPMO website :- **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**



**बेदकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति: २०८१/१०/२१)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | BED/NCB/BTW/081/82-11, Construction Blacktop Road at Mul Nahar dekhi Aakase Pul Hudai Jaibik Marga Sadak Nirman, Bedkot-8 & 7 | S.A.N Brothers Nirman Sewa Pvt. Ltd, Dhangadhi-05, Kailali | NRS. 91,02,034.33 | |

प्रमुख प्रशासकीय अधिकृत



**नेपाल सरकार**
**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८१।१०।२१)**

यस डिभिजनको मिति २०८१।०८।१८ को प्रक्षेपण राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०८।२०८१।८२ को वोलपत्र आव्हान सूचना अनुसार तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bidding मार्फत दर्ता भएका वोलपत्रहरुको आर्थिक प्रस्ताव मुल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ७ वमोजिम न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही निम्नानुसार वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/337011384/081/82/056 | Upgrading of Kathmandu Ring Road (Dhobikhola-Maharajgunj Sector NH-39) | Ambuja-Kali-SK J/V | 23,97,74,438.98 |

डिभिजन प्रमुख

# प्रभाव दैनिक

सोमबार, २१ माघ २०८१ (Monday, February 03, 2025)





## 'एक्टरः टेक वन'को गीत 'जिन्दगी रेल' सार्वजनिक

सफलताका साथ प्रदर्शनमा रहेको नेपाली चलचित्र 'एक्टरः टेक वन'को नयाँ गीत 'जिन्दगी रेल' सार्वजनिक भएको छ । आशुतोष उप्रेतीको आवाजमा रहेको यस गीतका शब्दहरू किरण थापा मगर र आशुतोष उप्रेतीले लेखेका हुन् । गीतको सङ्गीत रोहित शाक्यले तयार पारेका छन् । किरण थापाले कोरियोग्राफी गरेका छन् । छायांकन नरेन्द्र मैनालीले गरेका छन् भने, सम्पादन निमेश श्रेष्ठले गरेका छन् । गीतमा एक कलाकारको सपना र त्यसको लागि गरेको सङ्घर्ष पछि प्राप्त सफलतालाई दर्साइएको छ, जसमा अभिनेता प्रदिप खड्काको सफलता देखाइएको छ ।



**नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभल**

# आर्यन र अन्जना उत्कृष्ट




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभल' (एनसिआईएफएफ)को छैटौं संस्करणमा अभिनेता आर्यन सिग्देल र अभिनेत्री अन्जना बराइली उत्कृष्ट अभिनेता-अभिनेत्री घोषित भए । 'पुजार सार्की' फिल्मबाट दुबैले अवार्ड प्राप्त गरेका हुन् ।

दुबैले राष्ट्रिय राष्ट्रिय प्रतिस्पर्धामा अवार्ड जितेका हुन् । यसै प्रतिस्पर्धामा उत्कृष्ट फिल्म 'बुलाकी' बन्दा उत्कृष्ट निर्देशकको अवार्ड चलचित्र पुजार सार्कीबाट दिनेश राउतले आफ्नो पोल्टामा पारे । चलचित्रतर्फ नै उत्कृष्ट छायाँकारको अवार्ड चलचित्र बुलाकीबाट शिव ढकालले, बुलाकीबाटै इन्करेजमेन्ट अवार्ड अभिनेता नरेन खड्काले र उत्कृष्ट स्कृप्टको अवार्ड चलचित्र पखेटाबाट सनोल दासले हासिल गरे ।

सूचना सञ्चार तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, अग्रज संगीतकार एवं महोत्सवका राष्ट्रियतर्फ निर्णायक प्रमुख शम्भुजीत बासकोटा, नेपाली र विदेशी निर्णायकहरू, अग्रज अभिनेत्रीहरू बसुन्धरा भुसाल, भुवन चन्द, चैतेदेवी सिंहले लगायतले विजेताहरूलाई अवार्ड प्रदान गरे । चलचित्र केन्द्रको आयोजना र चलचित्र विकास बोर्डको सहआयोजनामा आयोजित महोत्सवमा ४७ देशका ९८ वटा चलचित्रहरू अन्तिम प्रतिस्पर्धामा थिए । यि सबै चलचित्रलाई महोत्सवमा प्रदर्शन गरिएको थियो ।

महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धातर्फ सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको अवार्ड भारतबाट पुभुले हासिल गऱ्यो । चलचित्र पुभुबाटै उत्कृष्ट अन्तर्राष्ट्रिय अभिनेताको अवार्ड मन्जुलन केभीले हासिल गरे भने उत्कृष्ट फिचर चलचित्र निर्देशकको अवार्ड अमेरिकाको चलचित्र ला फोर्सबाट जी ओभानी एम जेल्कोले हासिल गरे । यस्तै फिचरतर्फ नै उत्कृष्ट अभिनेत्रीको अवार्ड जर्मनीबाट चलचित्र इम्पियोरबाट अभिनेत्री युनिस कचीरुवाले हासिल गरिन् ।

यसैगरी यो महोत्सवमा अन्तर्राष्ट्रिय लघु चलचित्रको अवार्ड बँगलादेशको सर्ट फिल्म सौदाबाट फकिर जिप्लवले, उत्कृष्ट महिला चलचित्रको अवार्ड रसियाको चलचित्र द रि युनियनबाट लोलिता नारान ओभिचले, बाल चलचित्रको अवार्ड भियतनामको चलचित्र लस्ट फर फ्रिडमबाट जाकुभ जाजाकले हासिल गरे । अन्तर्राष्ट्रिय बृत्तचित्रको अवार्ड क्यानडाको चलचित्र नुरागा भूमिबाट डानियल खान डा लिल्भाले, इन्भारोमेन्टल चलचित्रको अवार्ड स्पेनको चलचित्र द सोल अफ ज्यास्मिनबाट मरिना गार्सिया एन्ड्युले, अन्तर्राष्ट्रिय मानव अधिकार चलचित्रको अवार्ड अमेरिकाको अमेरिकन फुल ब्रोडबाट क्रिस्टिना होडेलले हासिल गरे । यस्तै एनिमेसन चलचित्रको अवार्ड साउथ अफ्रिकाको चलचित्र फ्लावर अफ दि पार्टिसनबाट चार्लेस बाडेनहोस्टले, अन्तर्राष्ट्रिय छायांकारको अवार्ड स्पेनको चलचित्र स्पिक सन लाइटबाट जसी लुईस अल्कानीले, उत्कृष्ट चलचित्र स्कृप्टको अवार्ड इटालीको चलचित्र आउट डियरबाट ऐस्यान्डो लियोनीले, जुरी मेन्सन अवार्ड अर्जेन्टिनाको चलचित्र द टेम्पल अफ इन्टरनल साउन्डबाट जर्ज क्याराभोटाले, स्पेशन मेन्सन अवार्ड बेलायतको चलचित्र लकडाउन गर्डेन डायरीबाट एड्रिना उलिकले प्राप्त गरे । यस्तै पपुलर अवार्ड जर्मनीको चलचित्र सिड वीथ मीबाट अकिफा मियानले, इन्करेजमेन्ट अवार्ड नेपालको चलचित्र जाईन पपेट्स फर डिज्निफाईड मेन्सुरेसनबाट ओडिटी लारामीले हासिल गरे ।

महोत्सवमा अन्तराष्ट्रियतर्फ आठ जना विदेशी निर्णायकहरू छन् । अन्तर्राष्ट्रिय निर्णायकमा भारतबाट चलचित्र निर्देशक निपोन धौला, जर्मनी चलचित्रकर्मी फाविन माात्थियस र चलचित्रकर्मी इभिन बिराजी, बेलायतबाट चलचित्र लेखक तथा निर्देशक लुईसा प्रिटोलानी, क्यानडाबाट चलचित्र निर्देशक जुडी ग्लाड्स्टोन, इरानबाट अभिनेत्री, लेखक तथा निर्देशक तिमा टाघिजादेह, बहराइनबाट चलचित्र निर्माता निर्देशक एवम् लेखक इभा दाउद र रुसबाट चलचित्रकर्मी इरिना बेराजी रहेका छन् ।

यस्तै राष्ट्रिय प्रतिस्पर्धामा उत्कृष्ट लघु चलचित्रको अवार्ड रित्तो गाउँबाट रामजी ज्ञवाली, बृत्तचित्रको अवार्ड नो मोनास्ट्री नो भिलेजबाट टासी ल्हाजोमले, महिला चलचित्रको अवार्ड पिरियडबाट रेवती गुरुङले, बाल चलचित्रको अवार्ड द स्कुल वालबाट मोहन श्रेष्ठले कल्चरल चलचित्रको अवार्ड चिपागु निलाबाट योवन शाक्यले, जुरी मेनसन अवार्ड चलचित्र छेसाङबाट रजिला श्रेष्ठले, स्पेशल मेनसन अवार्ड सर्ट फिल्म थ्रेसोल्डबाट सरिता शाहले र पपुलर अवार्ड चलचित्र लेट नाईटबाट ओविन उद्दिनले जिते ।

राष्ट्रिय प्रतिस्पर्धाको निर्णायकमा बरिष्ट संगीतकार तथा चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष शम्भुजीत बास्कोटा, अभिनेत्री मिथिला शर्मा, अभिनेता प्रदीप खड्का, अभिनेत्री सुरक्षा पन्त, चलचित्र निर्देशक दीपेन्द्र के. खनाल, चलचित्र निर्माता एवम् निर्देशक रौनक विक्रम कँडेल, निर्देशक दिनेश लिङदेन र टेलिभिजनकर्मी टिकाराम यात्री थिए ।

कार्यक्रममा सञ्चारमन्त्री गुरुङले चलचित्रको विकास र विस्तामा यस्तो महोत्सव निकै उपयोगी हुने बताए । उनले सबै विदेशी अतिथिहरूलाई भगवानको रूपमा आफूहरूले लिने गरेको भन्दै आउँदो वर्षहरूमा पनि महोत्सवमा सहभागी हुन विदेशीहरूलाई अनुरोध गरे । बोर्डका अध्यक्ष डिसीले चलचित्र विकास बोर्डको सहकार्यमा निकै राम्रो महोत्सव सम्पन्न भएको बताए । उनले नेपालमा हुने गरेका अन्तर्राष्ट्रिय महोत्सवले नेपाललाई विश्वमा चलचित्रमार्फत चिनाएको धारणा राखे । महोत्सवका अध्यक्ष एवम् निर्देशक सन्तोष सुवेदीले नेपालमा महोत्सव आयोजना गर्न निकै गाह्रो हुने गरेको बताए ।

**जापानी फिल्म फेस्टिभल**

# काठमाडौंमा सकियो, अब पोखरामा

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'जापानी फिल्म फेस्टिभल २०२५'को काठमाडौं च्याप्टर सकिएको छ । गत शुक्रबारदेखि सुरु भएको फेस्टिभलमा 'ब्रेभ फादर अनलाइन : आवर स्टोरी अफ फाइनल फन्टासी एक्सआइभी', 'आईटीओ,' 'ड्रिमिङ अफ द मेरिडियन आर्क,' 'लु ओभर द वाल,' र 'द फिश टेल' गरेर ५ जापानी फिल्मको प्रदर्शन भएको थियो । जापानी राजदूतावास र जापान फाउन्डेसनको संयुक्त आयोजना रहेको फेस्टिभल राष्ट्रिय नाचघरमा दुई दिनसम्म चलेको थियो ।

